# Agricultural Development Bank Ltd.
# कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

**जनशक्ति व्यवस्थापन विभाग**

**कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि**

**दरखास्त फाराम भर्ने सम्वन्धी सूचना**

**सूचना प्रकाशन मिति २०८०/११/११)**

यस बैंकको **आ.व. २०८०/०८१** को वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत स्थायी कर्मचारी दरवन्दीमा रिक्त रहेका तपसिलका पदनाम, स्तर, तह र सेवामा **कार्यक्षमताको मूल्याङ्कनद्वारा** पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०८०/११/१० मा सहमति प्राप्त भए अनुसार **२०८० असार मसान्तसम्ममा कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ बमोजिम सम्भाव्य भएका** उम्मेदवारले बढुवा प्रक्रियामा सहभागी हुनकालागि रितपूर्वक दरखास्त पेश गर्न आव्हान गरिएको छ । कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा प्रक्रियामा सहभागी हुनका लागि **२०८० असार** मसान्तसम्म सम्भाव्य भएका उम्मेदवारहरुले यो सूचना प्रकाशन भएका मितिले ३० (तिस) दिनभित्र परीक्षा दस्तुर वापत अधिकृतस्तरको पदको लागि रु. १,०००।- (अक्षरुपी एक हजार मात्र) र सहायकस्तरको पदको लागि रु.६००।- (अक्षरुपी छ सय मात्र) कृषि बिकास बैंक लि. वित्त तथा योजना विभागको नाममा कर्पोरेट बैंकिङ्ग रामशाहपथमा रहेको खाता नं ०१००२०११०१०००००२० मा आवेदकको नाम, बहाल रहेको पद, कोड नं उल्लेख गरी रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी आवेदन दिनु पर्नेछ । आवेदकले बैंकको Human Resource Management System (HRMS) मा उम्मेदवार कर्मचारी स्वयम्को User ID र Password प्रयोग गरी Recruitment मा रहेको File Promotion Form बाट Online System मार्फत दरखास्त पेश गर्नुपर्नेछ । दरखास्त फाराम भर्ने सम्वन्धमा कुनै द्विविधा भएमा बैंकको जनशक्ति व्यवस्थापन विभागमा सम्पर्क गर्न सकिने छ । तोकिएको अवधिभित्र आवेदन पेश नगरेका वा रितपूर्वक दरखास्त फाराम नभरेका र परीक्षा दस्तुर नबुझाएका सम्भावित उम्मेदवारहरु बढुवा प्रक्रियामा सहभागि हुन नपाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| सि. नं. | विज्ञापन नम्वर | पदनाम | स्तर | तह | सेवा | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | २/२०८०-८१ | विभागीय प्रमुख | अधिकृतस्तर | १० (दश) | प्रशासन | ३ |
| २ | ३/२०८०-८१ | शाखा प्रमुख | अधिकृतस्तर | ८ (आठ) | प्रशासन | १६ |
| ३ | ४/२०८०-८१ | शाखा प्रमुख | अधिकृतस्तर | ८ (आठ) | प्राविधिक | १० |
| ४ | ५/२०८०-८१ | शाखा अधिकृत | अधिकृतस्तर | ६ (छ) | प्रशासन | १६ |
| ५ | ६/२०८०-८१ | ऋण/कर्जा/प्राविधिक अधिकृत | अधिकृतस्तर | ६ (छ) | प्राविधिक | २ |
| ६ | ७/२०८०-८१ | कार्यालय सहायक | सहायकस्तर | ५ (पाँच) | प्रशासन | १६ |
| | जम्मा | | | | | ६३ |

२०८०।११।११

सदस्य सचिव
पदपूर्ति समिति
कृषि विकास बैंक लि.